भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९।०५।०५)**

भरतपुर महानगरपालिको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धा तथा करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०७९ भाद्र २० गते दिनको २:०० बजेसम्म) रीतपूर्वक आवेदन फाराम भरी पेश गर्नुहुन यस कार्यालयको मिति २०७९।०५।०२ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १/०७९/८० | रोजगार सहायक | सहायकस्तर पाँचौं सरह | १ (एक) | |

१. **आवश्यक न्यूतनम योग्यता र अनुभव**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,

ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

२. **दरखास्त दिने स्थानः** भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखामा तोकिएको दस्तुर बुझाएको रसिद लिई प्रशासन तथा जनशक्ति विकास शाखामा सम्पर्क गरी दरखास्त बुझाउन सकिनेछ ।

३. **आवेदनको दस्तुरः** रु. ५००।— (पाँच सय रुपैयाँ मात्र) ।

४. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा ।

५. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु—

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

ख) न्यूनतम शैक्षिक योग्यताको लब्ध्याङ्क प्रमाणपत्रको प्रतिलिपी,

ग) चारित्रिक प्रमाणपत्र,

घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात,

ङ) तालिमको प्रमाणपत्र

च) ३ प्रति पासपोर्ट साइजको फोटो ।

६. **सेवा सुविधा तथा अन्यः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

७. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा महानगरपालिकाको वेबसाइट www.bharatpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**